# ग्रामीण स्वावलम्बन कर्जा सम्बन्धी सूचना

माननीय अर्थमन्त्री डा. युवराज खतिवडाज्यू, नेपाल राष्ट्र बैंकका गभर्नर डा. चिरञ्जिवी नेपालज्यू तथा नेपाल सरकारका सचिव लालशंकर घिमिरेज्यूको समुपस्थितिमा मिति २०७६/३/३१ गते आयोजित एक कार्यक्रममा अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक र साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. बीच ग्रामीण स्वावलम्बन कोष हस्तान्तरण गर्ने सम्बन्धी त्रीपक्षीय सम्झौता सम्पन्न भएको छ ।

विपन्न तथा साना किसानहरूको आर्थिक तथा सामाजिक विकासका लागि निरन्तर सेवारत यस लघुवित्त संस्थालाई नेपाल सरकार एवं नेपाल राष्ट्र बैंकले विश्वास गरी प्रदान गरेको यस जिम्मेवारी एवं अवसरका लागि हार्दिक आभार व्यक्त गर्दछौं ।

साथै यस पूर्व नेपाल राष्ट्र बैंकबाट सञ्चालित ग्रामीण स्वावलम्बन कोषबाट प्रवाह भएका कर्जाको शर्त, सुबिधा, बन्देज, सहुलियत, भुक्तानी कार्यक्रम र अन्य व्यवस्थाहरू साविकको ग्रामीण स्वावलम्बन कोष सञ्चालन निर्देशिका, २०७४ मा भएको व्यवस्थाबमोजिम नै हुने र त्यस्तो कर्जाको सम्पूर्ण सावाँ, ब्याज, हर्जाना र अन्य देना रकम समेत यस वित्तीय संस्थाको नाममा आएको साविकको बैंक खातामार्फत भुक्तानी गर्नुपर्ने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

अब उप्रान्त यस लघु वित्तीय संस्थाले प्रवाह गर्ने स्वावलम्बन कर्जाको सम्बन्धमा भने "ग्रामीण स्वावलम्बन कर्जा कार्यविधि, २०७५" बमोजिम हुने व्यहोरासमेत सूचित गरिन्छ ।

विस्तृत जानकारीका लागि नेपाल राष्ट्र बैंकबाट मिति २०७६ असार ३१ गते गोरखापत्रमा प्रकाशित सूचना हेर्नुहुन वा तलको ठेगानामा सम्पर्क गर्नुहुन अनुरोध छ ।


साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.

केन्द्रीय कार्यालय, सुबिधानगर, तिनकुने, काठमाडौं, फोन नं. ०१-४१११७५२/८२८

इमेल : rsrc@skbbl.com.np / info@skbbl.com.np